उपन्यासकार मोदनाथ प्रश्रितको परिचय

जन्म : बि.सं. १९९९ साल

जन्मस्थान : खिदिम हर्राबोट अर्घाखाँची

शिक्षा : आयुर्वेदाचार्य, एम.ए. नेपाली

पेसा र संलग्नता : राजनीतिक नेताका रूपमा शिक्षा, संस्कृति तथा समाजकल्याण मन्त्री (२०५१), हाल अध्ययन लेखन र सम्पादनमा संलग्न , आयुर्वेद स्वस्थ्योपचारमा संलग्न,

कृतिहरू : महाकाव्य : 'मानव'(२०२३), 'देवासुर सङ्ग्राम'(२०३०)

नाटक : 'पचास रुपयाँको तमसुक'(२०२८), 'आमाको काखमा' ( २०३२) 'मन्त्रीजी' ( २०५०)

उपन्यास : 'देशभक्त लक्ष्मीवाइ' (२०३३) , 'चोर' (२०४४)

काव्य : 'बुबा खै !' (२०२०), 'गोलघरको सन्देश' (२०५०)

कविता सङ्ग्रह : 'आमाको आसु' (२०१९) ,'सहिदको रगत' (२०४३)

सामाजिक र मानवशास्त्रपरक कृति : 'नारी बन्धन र मुक्ति' (२०३२) , 'जीवाणुदेखि मानवसम्म' (२०३३) , 'भुतप्रेतको कथा' (२०४२) , 'नानीहरुलाई कसरी असल बनाउने ?' (२०४४) , 'आस्था र प्रथा' (२०४४) , 'मानवताको कलङ्क : जातपात र छुवाछुत प्रथा' ( २०५८)

निबन्धात्मक कृति : 'केही सांस्कृतिक निबन्धहरू' (२०४३) , 'मानसपटलका तस्वीरहरू' (संस्मरण : २०४६)

गीत सङ्ग्रह : 'जब चल्छ हुरी' (२०४९)

समालोचना : 'वैचारिक विकासका सन्दर्भमा लक्ष्मीप्रसाद देवकोटा' (२०३५)

**औपन्यासिक प्रवृत्ति**

- राष्ट्रियताका लागि लड्ने योद्धाका पक्षमा अभिमत,
- सामन्ती शासकहरुको गीर्दो अवस्थाको उद्घाटन,
- सामन्ती अभिजात संस्कृतिको बिरोध र जनपक्षधरता,
- वर्गीय चेतनाका आधारमा शोषित पीडित वर्गप्रति सहानुभूति,
- शोषणको समाप्ति र उन्मुक्तिको चाहना,
- वर्गीय असमानता र समाजका सबै खाले बिभेदको अन्त्य गरी समतामूलक र न्यायपूर्ण समाज स्थापनाका पक्षपाती,
- राष्ट्रवादी, समाजवादी उपन्यासकार ।

## 'चोर' उपन्यासको विश्लेषण

**रचना सन्दर्भ**

'चोर' उपन्यासका रचनाकार मोदनाथ प्रश्रित हुन् । प्राक्कथनका सिलसिलामा लेखकले व्यक्त गरेअनुसार लेखक भद्रगोल जेलमा रहदा त्यही भेट भएको एउटा बालबन्दी कृष्णले आफ्नो नालीबेली सुनाएको थियो । बाल्यावस्थामा नै कैदी जीवन विताउन बाध्य कृष्णको जेलपूर्वको जीवन, उसको कथा व्याथा र सङ्घर्षमय विगतले लेखकको माथिङ्गल खल्वल्यायो । कृष्णको कथालाई लेख्नु पर्ने ठानी सो कार्य प्रारम्भ पनि गरिसकेका लेखक जेलबाट छुटेकाले लेखिएका केही अंश पनि हराउन पुगे । २०३६ फागुनमा लेखक बन्दीका रूपमा केन्द्रीय कारागार आए पछि भने पर्खालपारि रहेको भद्रगोल जेल पनि देख्दछन् । सीमित शब्दभण्डार र नेपाली भाषाको अभिव्यक्ति सामर्थ्य कमजोर रहेको कृष्णले उतिवेला आफ्ना संघर्षका कथा सुनाउदा देखिएको उसको अनुहार, हाउभाउ, हातका थरिथरि अभिनयहरूजस्ता भाषेत्तर अभिव्यक्तिले उसको मनको बहलाई जीउदो रूपमा प्रकट गरेको सन्दर्भ सम्भनामा आएकाले एघार वर्ष पछि यो उपन्यास एउटा नानी उपन्यासको जन्म हुन पुगेको हो ।

**उपन्यासको संरचना**

'चोर' उपन्यास लघु आकारको उपन्यास हो । ७८ पृष्ठमा संरचित यस उपन्यासलाई 'नानी उपन्यास भनिएको छ । छोटा छोटा १५ वटा खण्डमा विभाजित यस उपन्यासमा १,२,३,४.........१५ शीर्षक भैँ प्रयोग गरिएको छ । प्रारम्भको केही खण्डहरूमा बाहेक कृष्णले विताएका दिनहरूको वयान कृष्णकै

मुखबाट गरिएको छ । कृष्णको कथाका सिलसिलामा लेखककै विचार अभिव्यक्त भएको मान्न सकिए पनि यहाँ लेखक आफु तटस्थ वसेर कृष्णकै मुखबाट उसको कथा अभिव्यक्त गराइएको छ ।

**कथावस्तु**

१.

माघे ठण्डीमा सहिनसक्नु जाडो छ भद्रगोल जेलमा बन्दीहरू जाडोसँग कठोर सङ्घर्ष गरिरहेका छन् । निन्द्रा नपरेका आँखामा चिसा दाउराको धुँवा पुग्दा कैदीका आँशु झरिरहेका छन् । कैदीका बालबालिकाहरू पनि छन् । बालसुलभ चञ्चलताका साथ उन्मुक्त खेल्न पाउनुपर्ने बालबालिकाहरू कैदी जीवन जीउन बाध्य छन् । विभिन्न कसुरमा त्यहाँ बालबालिकाहरू पनि कैदी बनाइएका छन् । केटाकेटीहरू आपसमा झगडा गर्छन, भनाभन गर्छन् अभिभावकलाई लागेको अभियोगसँग जोडेर उनीहरू एकापसमा आरोप प्रत्यारोप गर्दछन् । यो दृश्य हेरिरहेका माङ्सावसामु आएर उनीहरू उजुर गर्न थाल्छन् । माङ्सावले सिसाकलम इनाम दिउँला भन्दै सवैलाई एकापसमा मिल्नु पर्ने र झगडा गर्नु नहुने सर्त राखी हात मिलाउन लगाउछन् । बन्दीका बालवच्चामा एकापसमा यस्ता दोषारोपण र वैमनष्यता बढेको देखेर चिन्तित माङ्साव उनीहरूलाई मिलाएपछि केही खुसी हुन्छन् र सवैलाई एकएक वटा सिसाकलम दिन्छन् ।

उता कैदीहरूका नाइकेहरू जेलभित्र पनि अर्को निरङ्कुश शासक झैँ बनेर कैदीमाथि शासन गरिरहेका छन् । बन्दीहरू आपसमा कुराकानी गर्न पाउँदैनन् । कलाकार, बुद्धिजीवी, राजनीतिज्ञ, चोर, डाका, सक्कली अपराधी र नक्कली अपराधी समेत त्यहाँ एकै ठाउमा छन् । उनीहरूमा पीडा छन् उकुसमुकु छन् र छट्पटी छन् तर तिनलाई सुनाउने हलुका हुने, अन्तरक्रिया गर्ने वातावरण जेलमा छैन ।

२.

हिउले सेताम्मे डाँडाहरू हरिया पहाडहरू हेरिरहेका माङ्सावलाई तिनको सौन्दर्यले कुनै आकर्षण पैदा गर्न सकिरहेको छैन । सुन्दर इन्द्रेणीका रङहरूको कुनै सौन्दर्य छैन त्यो खुर्पा झैँ आकारमा मात्र दृष्टिगोचर हुन्छ । जुनकिरी पनि आगोका फिलिङ्गाजस्तै लाग्दछन् । त्यहाँ त बन्दीहरूमा केवल आफूले भुक्तान गर्नु पर्ने बन्दी जीवनका दिनहरू गनिरहनु पर्ने बाध्यताले अरु सबै कुरालाई ओझेल पारेको छ । यस्तै सोचेर टहलिरहेका माङ्साव सामु फेरि बालबालिकाको कल्याङ्मल्याङ् सुरु हुन्छ । एउटा बालकलाई त्यहाँ चोर चोर भनेर सवैले गिज्याइरहेका छन् । कुनै कैदी बन्दीको छोरा होला भन्ठानेका माङ्साव, ऊ साँच्चिकै आफैँ चोरीको अभियोगमा जेलमा आएको बच्चा हो भन्ने थाहा पाए पछि एक तमासले ऊतिर हेरिरहन्छन् ।

कुनै कैदीले तानेर फालेको चुरोटको ठुटातफ लोभी नजरले हेर्ने त्यो १२,१३ वर्ष जतिको लाग्ने ठीटो कसरी चोरी मुद्धामा पऱ्यो माड्सावलाई जिज्ञासाको विषय बन्न पुग्यो ।

नाइकेले चोर भनेपछि ऊ नाइकेलाई तम्तमाएका आँखाले हेर्दै मुर्मुरिएर दाँतले ओठ टोकेर लामो सास तान्दै भन्छ : "अँः म चोर ? साँच्चिकै चोर को हो कुन्नि मलाई पनि थाहा छ ।"

माड्सावले प्रेमपूर्वक उसलाई उसको नालीवेली सोध्ने विचार गरे ।

माड्साबका सुरुका  परिचयसम्बन्धि प्रश्नहरूमा उत्तर दिनुको खास महत्व नभएको ठानेर उत्तर दिन बेवास्ता गर्न खोजेको ठीटो माड्सावको शान्त्वना पछि भने केही खुल्दै जान थाल्यो ।

छेउमा वसेको कैदीले सल्काएको विँडीको धुवाँ लाई तृषित नजरले हेर्ने उसलाई कैदीले एउटा विँडी दिएपछि ऊ  हतारहतार विँडी पिउछ । यस्तो अम्मलमा किन फसेको भन्ने माड्सावको प्रश्नको उत्तरमा ऊ भन्छ : "डहन खप्न, नसकेपछि मान्छेले विँडीमात्र होइन, बिख पनि तन्काउछ माडसाव ।"

माड्साव भने यसको जवाफतिर लाग्नु भन्दा, उसले जेल आउनु पर्ने चोरीको नै कारण थियो त भन्ने जिज्ञासा राख्दछन् । कारण चोरीकै भएको स्वीकार गर्दै उसले त्यस चोरीको पृष्ठभूमि निकै लामो भएको सङ्केत गर्दछ ।

आफू धाराको टुटी र गिलास चोरेको आरोप  स्वीकार गर्छ र प्रश्न गर्छ के मैले मेरी आमालाई मर्न दिने त ? सँगै ऊ भन्छ : यो देशमा जेलमा जाक्नुपर्नेहरू बाहिर रहेका र बरु उनैले आफूहरूलाई जेल पठाएका छन् । यसरी यो देशमा सवै उल्टो भइरहेको भन्दै आक्रोस पोख्दछ । आमाको प्रसङ्ग र चोरीको स्वीकारोक्तिले ऊमाथि निकै चर्को अत्याचार भएको र उसको मामला पनि निकै गहिरो रहेको ठहर गरी माड्साव उसको नालीवेली खोतल्न उद्दत हुन्छन् । तर आफ्नो नालिवेली केही दिनमा मात्र सुनाउने बताँउछ ।

३.

जेलमा कैदीबन्दीहरू माथि नाइके र भाइनाइकेहरूको  अर्को शासन छ । उनीहरू बन्दीलाई एकापसमा सम्वाद गर्न र भावना साट्न दिदैनन् । समान भावना र आकांक्षा भएका कैदीहरू वीच हुनसक्ने एकतालाई उनीहरू आफूमाथिको खतरा सम्भन्छन् र कैदीहरूलाई एकापसमा भेट्न दिदैनन् । कृष्णले तीन दिनदेखि केही नखाएको कुरा सुनेर चिन्तित रहेका माड्साव चौथो दिन विहान उसका कोठामा पस्छन् र डोऱ्याएर आफ्ना कोठामा ल्याउँछन् । आफ्नी आमाको अवस्था सम्भेर पटकपटक आमाकै चिन्ता व्यक्त गरिरहेको उसलाई सम्भाउन थाल्दछन् । आफू पीरमा परेर रोएर, नखाएर शत्रुलाई कुनै हानी नहुने बरु मन

दह्रो बनाएर आफूले बेहोरेका पीडाको नालीवेली यहाँ विस्तार लगाए केही उपाय गर्न सकिने बताउछन । कृष्णलाई केही ढाडस महसुस भएपछि ऊ आफ्नो कथा बताउन तयार हुन्छ र कुरा सुरु गर्छ ।

आफू नौ वर्षको हुदा बनेपाको पद्मे साहुकोमा आफ्ना बाबु नोकर बसेको, बाबु हलो जोत्ने र आफू वाखा चराउने गरेको, साहुले पेटभरि खान नदिने तर कठीन काम लगाउने गरेको, एकदिन बाबुलाई ठूलो खस्रुको रुखको घाँस काट्न लगाएको, खस्रुको बोटबाट लडेर वाबुको ज्यान गएको, आमाले लास देख्न पनि नपाउदै लास गाडेको, बाबुको मृत्यु पछि पनि आफु भने साहुका बाखा चराउन गइरहेको त्यतिबेला चाइना रोड खुल्दा आफ्नो घर रोड छेउमा पर्न गएको, बाबुले लिएको ऋण चुक्ता गर्न सो जग्गा छोडिजान पद्मे साहुले दवाव दिएको, जति अनुनय विनय गर्दा पनि साहुले नमानेको आफ्नै जातका गरीवहरूले समेत आफ्नो र आमाको पक्षमा एकशब्द नवोली साहुकै पक्षमा बोलेको, बाध्य भएर घर छाडेर हिडेको बताउछ ।

यति बताइसक्दा भान्सातिर खाना पस्केको आवाज आउछ र सवैजना खाना खान जान्छन् र सम्झाइ बुझाइ कृष्णलाई पनि खाना खुवाउछन् ।

४.

जेलमा मोटामोटा सिक्रिले बाँधिएको मान्छेलाई कृष्णले देख्छ । उनलाई त्यसरी किन बाँधिएको भन्ने जिज्ञासा राख्छ । जेलका नाइकेले गरेको दुर्व्यवहारको बिरोध गरेकाले उसलाई यसरी नेल ठोकेको थाहा पाएपछि जेलभित्र पनि यस्तो मनपरी चल्ने रहेछ भन्ने थाहा पाउँछ ।

कृष्ण आफ्नो कुराको शृङ्खला जोड्छ । निसम्म अँध्यारो रातमा घर छाडेर अनिश्चित गन्तव्यतिर हिडेको, साँगा भन्ज्याङ हुदै भक्तपुर आइपुगेको चौतारीमा रात बिसाएको, खान नपाएर रिंगटा लागेको, वेहोस भएको काम र रोजगारीका अनेक प्रयासहरू बिफल भएका, तीन दिन तीन रात फाटेका झल्लरी कपडाको सहारामा चौतारीमा गुजारेको, तेस्रो रात झरी हुरीले भएका भुल्ला सिरक कपडा पनि लछप्पै भिजेका, बिहान लुगा केही सुकाएर त्यो चौतारी छाडी हिडेको र एउटा पुरानो मन्दिर परिसरमा पुगेर भारी विसाएको कुरा बताउँछ ।

५.

घरबाट बोकेको दुईचार माना चामल पनि सकिन्छ, कृष्णले चिया पसलमा महिनाको १५ रुपयाँ पाउने गरी काम पाउँछ, मन्दिर पेटीको को त्यो बेवारिसे बासले कष्णकी वहिनी विरामी हुन्छे औषधीको त के कुरा त्यस विरामी वच्चालाई खान दिने अनाजसमेत उनीहरूसँग छैन । त्यतिकैमा कृष्णकी बहिनीको मृत्यु हुन्छ, काम गरेको साहुजीबाट कृष्ण केही सहानुभूति र सहयोगको आशा राख्छ तर तुरुन्तै उसको आशा निराशामा बदलिन्छ । छोरी/बहीनीको मृत शरीर वोकेर मन्दिरको पेटीमा ओत लागेका उनीहरूलाई धर्मात्मा

रूपधारीहरूले पुलिसको सहयोगमा त्यहाँबाट पनि लखेट्छन् । मृत छोरी/बहिनीलाई एउटा खोल्सामा गाडेर उनीहरू त्यहाँबाट बाटो लाग्छन् ।

६.

डिल्लीबजार ओरालोका सडक पेटीमा १५ दिनसम्म बसेपछि कृष्णकी आमाले विद्यार्थीहरूकोमा भाँडा माझ्ने काम पाउछे, खान केही सजिलो पर्छ । बुलाकी वेचेर केही राम्रा लुगा पनि लगाउछे । कृष्ण पनि चिया पसलमा काम गर्छ, चिया पसल भनिए पनि काम कठोर थियो कृष्णको खुटामा फोहोरका कारण घावैघाउले ढाक्छ अव यसरी काम गर्न नसक्ने बताएपछि साहुले कृष्णलाई केही पैसा बढाउने कुरा गरेको भएतापनि उसले त्यो पसल छाड्छ दशैं आइ सकेकाले एक किलो खसीको मासु ल्याएर दशैं मनाउछन् ।

७.

घर मालिकका रिक्सा देखेर कृष्णलाइ पनि ठुलो भएर रिक्सा चलाउन मन लाग्छ र आत्मालाई सुनाउछ । आमाले सानै छस सक्दैनस् भन्छे । आमाले भाँडा माझ्ने काम गर्ने विद्यार्थी मामाहरूसँग उसको भेट हुन्छ विद्यार्थीहरूले उसलाई भविष्यमा के बन्ने भनेर सोध्छन । ऊ रिक्सा चालक हुने कुरा बताउँछ । विद्यार्थीहरू उसलाई अव सधै अर्काको काम गर्ने मात्र कुरा नसोच्न बरु आफ्ना बाबुको हत्यारासँग बदला लिनेवारे सोच्न सल्लाह दिन्छन् । अव त्यस्ता साहु सामन्तबाट सिङगै देश मुक्त नगरेसम्म देश मुक्त नहुने र नेपाल आमाका मिहिनेती सन्तानले कहिल्यै सुखको सास फेर्न नपाउने कुरा बताउछन् । त्यसका लागि बालुवाजस्तो विभाजित गरीवहरू जुटेर पहाडजस्तो हुनुपर्छ भन्दछन् । यी कुराले कृष्णको मनमा नयाँ जोश उदाउछ । र आफूमाथि अन्याय गर्नेहरूलाई एकाएक सम्झन्छ ।

८.

विद्यार्थीहरूको जुलुस सुरु हुन्छ भारतविरुद्ध विद्यार्थीहरू नारा लगाउछन् प्रहरीले विद्यार्थीमाथि धरपकट गर्छ कृष्णका ती विद्यार्थी मामाहरू पनि पक्राउ पर्छन् उनीहरूको जिविकाको त्यही बाटो पनि बन्द हुन्छ । एउटा सुब्बाले कृष्णेकी आमालाई सिडिओकहाँ घारयसी काममा लगाइदिन्छ । त्यहाँ दुवै जनाले काम पाउछन् , जेल परेका विद्यार्थीहरू पनि छुटेर आउछन् उनीहरूको सङ्गत बढ्छ दिन ठीकै गरी बित्न थाल्दछन् ।

९.

कृष्णकी आमा  सिडिओले जागिर लगाइदिने आशामा छे । उसकी श्रीमती सुत्केरी भएर माइत गएका बेला जागिरको कागजपत्र मिलाउने भनेर कृष्णकी आमालाई कोठामा बोलाउँछ । कृष्णलाई बढार्न पठाएर ऊमाथि बलत्कारको प्रयास गर्छ । कृष्णकी आमा त्यसको प्रतिकार गर्छे र चिच्याउँछे । बाहिर रहेको कृष्ण  बञ्चराले झ्याल फोडेर भित्र पस्छ र तर बञ्चरो खोसेर सिडिओले उसैलाई प्रहार गर्छ र ऊ वेहोस हुन्छ ।

उता सिडिओले भने आफ्नो घरमा चोरीको प्रयास गरेको भन्दै उल्टै उनीहरूलाई प्रहरी लगाएर पक्राउछ उनीहरूमाथि कठोर यातना दिन्छन् । सिडिओले बलात्कार प्रयास गरेको कुरा नभन्न र चोरी गर्न खोजेको स्वीकार गर्न दवाव  दिन्छन् ।

१०.

पुलिस थानामा उनीहरूमाथि कठोर यातना दिइन्छ । केही सिपाइहरूलाई भने उनीहरू निर्दोष हुन् र सिडिओले आफ्ना कर्तुत लुकाउन यो सब गराइरहेको छ भन्ने अनुमान लगाउछन् । तर उनीहरूले गर्न सक्ने पनि केही थिएन । कठोर शारीरिक मानसिक यातना दिँदा पनि उनीहरू चोरीको आरोप स्वीकार  गर्न तयार भएनन् र सिडिओले बलत्कार प्रयास गरेकै हो भन्न पनि छाडेनन् । बाइसौं दिन कृष्णकी आमालाई छुटाएर अन्तै कतै लगियो । कृष्णलाई भने ट्रक चढाएर वीरगञ्ज लगेर छाडियो ।

११.

एक महिना होटलमा काम गरेर बीस रुपैयाँ कमाएपछि कृष्ण काठमाडौं फर्किन्छ । विद्यार्थी मामाहरू कोठा सरेर हिडिसकेका हुन्छन् । कोठामा पुग्दा आमालाई पनि भेट्दैन । एक हप्तासम्म भौंतारिएर हिंडे पछि एउटा होटलमा काम पाउँछ । एक महिना पछि फेरि ऊ आफ्नो पुरानु डेरामा पुग्छ त्यहाँ आफ्नी आमालाई भेट्छ । आमा उसलाई अँगालो हालेर रुन थाल्छे ।

१२.

आफूलाई कठोर यातना दिइएको, यातनाबाट नगलेपछि महिला पुलिस लगाएर फकाएर झुटो बकपत्र गराउन खोजिएको, केही समय डिल्लीवजार खोरमा लगेर थुनिएको र पछि जिपमा हालेर पोखरा लगेर छाडिएको कुरा छोरालाई बताउँछे । पोखराको वाटोमा छाडिएपछि लखतारान बनेकी आफू नजिकैको

भट्टी पसलमा गएकी त्यहाँ एउटी पढेलेखेकी नानीसँग भेट भएको, उनले खाना खान वस्न दिएकी र साथीहरू समेत मिलेर उपचार गरेका र निको भएपछि उनीहरूले नै बसमा चढाई पठाएको कुरा बताउछे ।

१३.

कृष्णकी आमा विरामी हुन्छे, उपचारका लागि अस्पताल पुऱ्याइन्छ । उपचारका लागि खर्च जुटाउन कृष्णले सक्दैन । त्यतिवेला उसले आफूले काम गरेका पुराना ठाउँहरूको बाँकी रकम सम्झन्छ तर कतै पार नलागेपछि सिडिओका घरमा प्रवेश गरी एउटा गिलास र धाराको टुटी बोकेर आमा भएको ठाउँमा फर्किन्छ ।

१४.

आफूसँग भएको गिलास र धाराको टुटी बोकेर ऊ असनतिर बेच्नका लागि जान्छ र एउटा पसलेकहाँ पुगेर सो सामान देखाउँछ । चोरेर ल्याएको अनुमान गरी पसलेले पुलिसलाई खवर गरिदिन्छ र सोही अभियोगमा कृष्ण प्रहरीको नियन्त्रणमा पुग्छ ।

१५.

ठानामा कृष्णको बयान लिइन्छ । केही कुरा नलुकाई उसले साँच्चोसाँच्चो बयान दिन्छ । दोस्रो पटक समातिएर आएकाले सबैले उसलाई पटके चोर भन्न थाल्छन् । पुलिसले समेत त्यसै भनेर हेप्न र यातना दिन थालेपछि कृष्णलाई असह्य हुन्छ र आफु चोर नभएको बरु शक्तिको दुरुपयोग गरी कौसीमा बसेर नोटका बिटा गन्ने र आफ्नी आमालाई बलत्कारको प्रयास गर्ने सिडिओ र डिएसपी चोर र बदमास भएको दाबी गर्छ । चोरहरू बाहिर रहेर शासन गरिरहेको बताउछ । पिट्दै उसलाई झ्यालदाना पठाइन्छ ।

माथिका भनाइहरू आफ्नै पूर्व स्मृतिमा आधारित भई कृष्णले ब्यक्त गरेको हो । झ्यालखानामा थुनिएका अधिकांश मानिसहरू परिबन्धमा पारिएका निर्दोषहरू रहेको आफ्नो अनुभव ऊ सुनाउछ । अब आफ्नी आमा नबाँचेकी पनि हुनसक्ने अवस्थाको अनुमान लगाउदै नेपाल आमाका सन्तान बीचमा रहेको यो पक्षपातपूर्ण अवस्थाको अन्त्य गर्ने सङ्कल्प गर्छ । उपन्यास यहीँनिर समापन हुन्छ ।

## पात्र वा चरित्र

'चोर' उपन्यासमा कृष्ण, कृष्णकी आमा, कृष्णका बाबु (जीते), कृष्णकी बहिनी, पद्मे साहु, चन्दने, विद्यार्थीहरू, सुब्बा, सिडिओ, प्रहरीहरू, पद्मेका स्वास्नीहरू, माड्साब आदि पात्रका रूपमा सहभागी छन् ।

यहाँ कृष्ण र कृष्णकी आमा लगभग एकै हैसियतमा सत् पात्रका रूपमा उपस्थित छन् जसका सहयोगी भूमिकामा विद्यार्थीहरू र पोखराका नानीहरू उपस्थित छन् । उपन्यासमा खलपात्रीय भूमिकामा सिडिओ र पद्मे प्रमुख छन् । यिनीहरूलाई सहयोग गर्न उपस्थित छन् सुब्बा, पद्मेका पत्नीहरू, चन्दने प्रहरी आदि । यहाँ केही प्रमुख पात्रहरूको चरित्र चित्रण गरिन्छ ।

### कृष्ण

कृष्ण यस उपन्यासको प्रमुख पात्र हो । बनेपाको जीते तमाङको छोरो कृष्ण बालक छँदै आफ्ना बाबुको मृत्यु हुनाले टुहुरो हुन पुगेको छ । खेल्ने उफ्रिने रमाउने उमेरमा असैह्य पीडा बेहोर्न विवस ऊ बाल्यावस्थामै कठोर सङ्घर्षको भूमरीमा जाकिन पुगेको छ । साहुको घरमा बाँधा बसेको आफ्नो बाबुको घाँस काट्ने क्रममा रुखबाट लडेर मृत्यु भएपछि बाबुले लिएको ऋण चुक्ता गर्न साहुकोमा गाठालो बसेको छ ।

चाइना रोड आँगनमा आइपुगेपछि साहुले अनेक बाहनामा पुर्ख्यौली घरसमेत हडपेपछि कृष्ण टुहुरो माथि पूर्ण रुपमा सुकुम्वासी पनि बन्न पुग्छ । गाउँको आपत टार्न सहर पसेको उसको परिवार ताइको माछा भुङग्रामा खसेझैं झन् दुःखमा फस्न पुग्दछ । अभावकै कारण वहिनीको मृत्युको पीडा बेहोर्न बाध्य हुन्छ । काम खोज्दै र साहु बदल्दै सिडिओको घरमा आमाका साथ घरेलु कामदारका रूपमा बस्न पुगेको कृष्ण आफ्नी आमामाथि बलत्कारको प्रयास गर्ने सिडिओ विरुद्ध निर्मम रूपमा जाइलाग्छ । यसरी हेर्दा ऊ स्वाभिमानी र निडर पात्रका रूपमा प्रस्तुत भएको छ । विद्यार्थी मामाहरूका पुस्तक पल्टाएर आफूलाई पनि पढ्ने रहर भएको कुरा अभिव्यक्त गरेको छ । आफ्नी आमामाथि दुर्व्यवहार गर्ने सिडिओले उल्टै झुठा अभियोगमा प्रहरी लगाएर पक्राउ गराई कठोर यातना दिलाउछ, तर पनि सत्यको प्रतिकुल कुनै बयान दिन तयार हुदैन । यसले ऊ दृढ र निडर पात्र हो भन्ने स्पस्ट हुन्छ । आफ्नी आमा प्रति उसको असीम कर्तव्यवोध छ । आमाको स्वास्थ्योपचारको लागि कुनै उपाय नलागे पछि सिडिओको घरबाट उसले गिलास र धाराको टुटी लिएको छ । यस घटनाले गर्दा गरिवी र अभावका बावजुद आफ्नी आमाप्रति उसले निर्वाह गरेको कर्तव्य स्पष्ट हुन्छ । ऊ वाल्यावस्थामा नै प्रौढतुल्य जानकार छ । चोरीको अभियोगमा जेल जान बाध्य छ । उ वास्तवमा जेलखानामा हुनुपर्ने मानिसहरू बाहिर रहेर निर्दोषलाई बन्दी बनाइएको अवस्थाबारे हेक्का राख्दछ ।

यस उपन्यासमा कृष्ण सामन्ती राज्यव्यवस्थाका कारण शोषण र अन्यायमा पिल्सिएका शोषित पीडित आम नेपाली जनताको प्रतिनिधि पात्र हो ।

उपन्यासको प्रारम्भदेखि आखिरीसम्म कृष्णकै मुखबाट पूर्वस्मृतिका रूपमा लेखकले उपन्यासको कथा अभिव्यक्त गरेकाले कृष्ण यस उपन्यासको नायक वा प्रमुख पात्र हो । ऊ अनुकुल स्थिर र मञ्चीय पात्रका रूपमा यस उपन्यासमा उपस्थित छ ।

## कृष्णकी आमा

कृष्णकी आमा यस उपन्यासकी अर्की प्रमुख पात्र हो । गरीब जीतेकी पत्नी ऊ दुई सन्तानकी आमा हो । लोग्नेको मृत्युपछि साहु}ारा घरखेत हडपिएर बास उठ्ठा भएपछि नाबालक सन्तानलाई साथमा लिएर सहर पसेकी छे । आपदमा माइतीको सरणमा जानुको सट्टा सन्तानसहित सहर पस्नाले ऊ श्रममा विस्वास गर्ने स्वाभिमानी महिला भएको स्पष्ट हुन्छ । सिडिओले जागिर लगाइदिने बाहानामा उमाथि बलत्कार प्रयास गर्दा उसले सशक्त प्रतिकार गरेकी छे । यसरी हेर्दा ऊ हजार हण्डर खप्न तयार तर एक पेट गुजाराका निम्ति इज्जत बेच्न भने तयार नहुने एक स्वाभिमानी नेपाली महिला हो । उपन्यासमा कृष्णले आफ्नो कथा बयान गर्दा उसको चर्चा भएको छ । सामन्ती व्यवस्थाको सिकार बनेका श्रमजीवी नेपाली महिलाको प्रतिनिधि पात्रको रूपमा कृष्णकी आमा उपस्थित छे । कृष्ण र कृष्णकी आमा जस्ता उपन्यासका सत् पात्रलाई सघाउने भूमिकामा विद्यार्थीहरू र पोखराका नानीहरू उपस्थित छन् भने कृष्णलाइ पूर्व कथा वर्णन गर्न प्रेरित गर्ने माड्साव पनि कृष्ण जस्ता शोषित पीडितका पक्षमा लागेका पात्र हुन् । प्रहरीभित्र पनि तिनका कुरा बुझ्ने तल्लो तहका केहि प्रहरीहरू छन् तर त्यसको यहाँ केही प्रभाव भने देखिदैन ।

## सिडिओ

सिडिओ यस उपन्यासको असत् पात्र वा खलनायक हो । राज्य शक्तिको दुरुपयोग गर्दै सर्वसाधारणप्रति शोषण गर्नु उसको मूल प्रवृत्ति देखिएको छ । प्रहरीको हाकिमसँग मिलेर घुसको भागवण्डा गर्ने ऊ व्याभिचारी कर्मचारी हो । उसको चीरत्र राष्ट्रसेवक कर्मचारीको कलङ्कको रूपमा देखा परेको छ । खान लाउनको चरम समस्यामा परेका र कामको खोजीमा त्यहाँ पुगेका कृष्ण र कृष्णकी आमालाई उचित पारिश्रकिमा काम दिएको सिडिओ सुरुमा दयालु पात्र झैँ प्रतीत हुन्छ , आफ्नो अड्डामा जागिर लगाइदिने आश्वासन पनि दिन्छ तर जागिर दिने बहानामा कोठामा बोलाएर कृष्णकी आमा माथि ऊ बलत्कारको प्रयास गर्दछ । यसरी हेर्दा सिडिओ भलादमीपनको आडम्बर देखाउने व्याभिचारी र यौन पिपासु चरित्र हो । आफ्नो व्याभिचारको पोल खुल्ने भयले उसले चोरीको आरोप लगाई उल्टै कृष्ण र कृष्णकी आमालाई प्रहरी}ारा पक्राएको छ । तसर्थ उ शक्तिको दुरुपयोग गर्ने पात्र हो । सिडिओ यस उपन्यसमा सत्ताको डाडुपुन्यु हातमा लिएर सर्वसाधारणमाथि अन्याय गर्ने उद्दण्ड र व्याभिचारी हाकिमको प्रतिनिधि पात्रको रूपमा रहेको छ । पद्मे साहु , चन्दने , पद्मेका स्वास्नीहरू लगायतका पात्रहरू यस्तै अन्यायी परिवेश सिर्जना गर्न सहयोगी पात्रका रूपमा देखिएका छन् ।

## परिवेश

'चोर' उपन्यास सामन्ती शोषणको जाँतोमा पिल्सिएको नेपाली सामाजिक राजनीतिक परिवेश चित्रण गर्न सफल छ । आर्थिक असमानताले उत्पन्न बिकराल शोषण दमनको कहाली लाग्दो पीडा र मुठ्ठीभरको लुटको स्वर्ग उपन्यासमा परिवेशको रूपमा मुखर भएर आएको छ । विद्यार्थी आन्दोलन र त्यसमा लगाइएका नाराहरूका आधारमा २०३६ को नेपालको राजनीतिक परिदृश्य झल्किन्छ । नेपाल आमालाई मुक्ति दिलाउन कृष्णमा उत्पन्न अठोट , विद्यार्थीहरूको जुझारु प्रवृत्ति , पोखराका नानीहरूमा उत्पन्न चेतना र माङ्सावको प्रेरणाजस्ता प्रसङ्गले सामन्ती व्यवस्था अन्त्योन्मुख हुदै गएको परिवेश दृष्टिगोचर हुन पुगेको छ । बनेपा , भक्तपुर र काठमाडौँजस्ता ठाउँहरू स्थानगत परिवेशका रूपमा आएका छन् ।

## उद्देश्य/मूलभाव

देशमा सामान्ती शोषणको दवदवा छ । यसकै कारण समाजमा होची अर्घेली उत्पन्न भएको हो । शोषितहरू शोषणको कारण पर्गेलेर सङ्गठित नहुन्जेल शोषणको अन्त्य हुदैन । तसर्थ बालुवा झैँ विभाजित शोषित पिडित जनताहरू ढिक्का पहाडझैँ शोषणको प्रतिरोधमा उत्रनु पर्दछ भन्नुनै यस उपन्यासको मूल उद्देश्य हो । सामन्ती शोषणयुक्त समाजको चित्रण गर्दै त्यसमा हालीमुहाली गर्नेहरूको चरित्र उदाङगो पार्नु र असङगठित भएर शोषण झेलिरहेका सर्वसाधारणलाई सङगठित भई सामन्ती व्यवस्था विरुद्ध जुट्न प्रेरित गर्नु यस उपन्यासको मूल मर्म हो ।

## भाषाशैली

'चोर' उपन्यासमा सरल र सहज भाषशैलीको प्रयोग गरिएको छ । कृष्णको वृत्तान्त वर्णनमा आधारित यो उपन्यास कृष्णकै हैसियतको भाषा प्रयोग हुनसकेको पाइँदैन । बनेपामा जन्मी हुर्केका नेपाली इतर मातृभाषी कृष्णलाई उपन्यासकारले मानक नेपाली भाषा नै बोल्न लगाएका छन् बरु लीम्बनी अन्चलमा बोलिने शब्दहरू समेत प्रयोग हुनपुग्दा लेखकीय प्रभाव प्रकट हुन पुगेको छ । आत्मकथ्यका सन्दर्भमा लेखक स्वयम्ले यस कुरालाई स्वीकार गरेका छन् । आगन्तुक शब्द, उखानटुक्का र झर्रा शब्दहरूको यथोचित प्रयोगले उपन्यासको भाषा सरल र सरस बन्न पुगेको छ ।